१२ औँनगर अधिवेशन
प्रथम वैठक

कार्य सुची

१. मिथिला नगरपालिकाको चालु आ.व. ०८०/०८१ को वार्षिक नीतितथाकार्यक्रम प्रस्तुत

२. समिती गठन

निर्णयहरु

निर्णय नं. १

मिथिलानगरपालिकानगर प्रमुखएवम १२ औं नगर अधिवेशनका सभाअध्यक्षश्री महेन्द्र महतोज्युले नगर अधिवेशन प्रस्तुतगर्न भएको चालु आ.व. ०८०/०८१ को वार्षिक नितितथाकार्यकमउपर छलफल गरियो। नगर प्रमुखज्युले नगर अधिवेशनमा प्रस्तुतगर्नु भएको देहायको वार्षिक नीतितथाकार्यकमपारित /अनुमोदन /गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१ आर्थिक विकास नीतिः

१.१ कृषि विकास तर्फः

- जैविक खेतीलाई प्रोत्साहन गर्न अर्गानिक मलको प्रयोगलाई बढावा दिइनेछ,
- किसानको आय आर्जन बृद्धि गरि उत्पादकत्व बढाउने खालका नगर कृषी कार्यक्रम संचालन गरिनेछ,
- माटोको उर्वाराशक्ती पहिचान गरि सो अनुसारको खेतीलाई प्रोत्साहन गर्न माटो परिक्षण ल्याबको स्थापना गर्न पहल गरिने छ,
- स्थानीय उत्पादनको बजार प्रवर्धन गर्न ब्राण्डिङ्ग गर्ने निति लिनुका साथै कृषी प्रदर्शनका कार्यक्रम संचालन गरिने छ,
- नमूना बगैचा स्थापना गरि बाँझो जग्गा, नदि उकास जग्गाहरुको संरक्षण गर्दै कृषी प्रयोजनका लागि उपयोग गरिनेछ,
- कृषी बालीमा क्षती पुर्‍याउने वन्यजन्तु नियन्त्रणका लागि आवश्यक उपाय अवलम्वन गरिनेछ, कृषी वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ,
- नगरपालिकालाई खाद्यान्न बालीको वीँउ बिजनमा क्रमशः आत्मनिर्भर बनाईनेछ,
- कृषी क्षेत्रको सिंचाईको व्यवस्थापनमा क्रमिक रुपमा सुधार ल्याईनेछ,
- कृषी बालीमा लाग्ने रोग तथा कीट नियन्त्रण गर्ने कार्यक्रम संचालन गरिने छ,
- कृषी उत्पादन तथा उत्पादकत्वमा बढोत्तरी ल्याउन उन्नत प्रविधिको प्रयोग सम्बन्धमा किसानहरुलाई तालिमको व्यवस्था गरिने छ,
- सामुहिक कृषी खेतीलाई प्रवर्द्धन गरिनेछ, कृषी प्रयोजनका लागि सामुहिक रुपमा संचालित ईनार, डिप बोरिङ, स्यालो ट्युब-वेल लगायत सिंचाईजन्य कार्य गर्दा बिद्युत महशुल वापत लाग्ने रकममा ५०% अनुदान दिईनेछ,
- कृषकलाई आवश्यक पर्ने मल/खादहरु पर्याप्त मात्रामा तथा समयमै उपलब्ध गराउन संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ,
- सम्भावित पकेट क्षेत्रहरुको पहिचान गरि पकेट क्षेत्रको रुपमा विभिन्न नमूना कार्यक्रम संचालन गरिने छ, जस्तै धान, पर्वर, आलु, तेलहन, दलहन, माछापालन आदि।

- नगर क्षेत्रभित्रको महत्वपूर्ण पर्यटकिय स्थलहरुको सम्भाव्यता अध्ययन गरि पर्यटन प्रवर्द्धन गर्ने कार्यको थालनी गरिने छ,
- हाइकिङ्ग मार्फत पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययन गरिने छ ।
- पर्यटकिय क्षेत्रहरुको पहिचान, संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गरि पर्यटन प्रवर्द्धन गर्ने नगर स्तरिय पर्यटन प्रवर्द्धन तथा विकास समिति गठन गरिने छ,
- "पर्यटकको मित्र – मिथिला चित्र" कार्यक्रम मार्फत मिथिला चित्रकला (Mithila Art) मार्फत पर्यटन प्रवर्द्धनको कार्यक्रम संचालन गरिनेछ,

२ सामाजिक विकास नीतिः

२.१ शिक्षा तर्फः

- शिक्षित तथा दक्ष जनशक्ती स्थानीय स्तरमै उत्पादन गर्ने स्नातक तहको अध्ययन गर्ने क्याम्पसको पूर्वाधार निर्माण गरि संचालन गरिने छ,
- प्राविधिक तथा सीपमुलक शिक्षाको अवसर प्रदान गर्न सामुदायिक मा.वि. विद्यालयहरुमा प्राविधिक शिक्षा पठनपाठन हुने कार्यको व्यवस्थापन गरिने छ,
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुगमन र नियमनको कार्यमा स्थानीय नगर शिक्षा समितिलाई सक्रिय बनाईनेछ,
- नगरपालिका भित्र प्रारम्भिक बालविकासको क्षेत्रमा लगानी अभिवृद्धि गर्दै बालबालिकाको सर्वाङ्गिण विकासका लागि एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम संलालन गरिनेछ,
- स्थानीय मापदण्ड बनाई सामुदायीक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमती, संचालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ,
- बाल विकास केन्द्रलाई व्यवस्थापन गरि विद्यार्थि भर्ना कार्यक्रमलाई अभियानकै रुपमा संचालन गरिने छ ।
- सामुदायिक विद्यालयहरुको जग्गाको स्वामित्व, सम्पतीको अभिलेख, संरक्षण तथा व्यवस्थापन गरिनेछ,
- कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण र छपाई गरि यथाशिघ्र लागु गरिनेछ,
- उत्कृष्ट विद्यार्थीहरु पहिचान गरि छात्रावृति, पुरस्कार जस्ता कार्यलाई प्रवर्धन गर्दै अन्य विद्यार्थीहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न विधालयका शिक्षकहरुलाई क्षमता अभिवृद्धि तालिमको व्यवस्था गर्दै अभिभावक सचेतना कार्यक्रम संचालन गरिने छ,
- विद्यालयमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम संचालन गरिने छ,
- नगर स्तरिय खेलकुद कार्यक्रम संचालन गरिने तथा पालिका स्तरीय खेल मैदानको योजना निर्माण गरि खेलकुद सामाग्रीहरुको व्यवस्थापन गरिने छ,
- विद्यार्थिहरुको चौतर्फि विकास तथा प्रतिभा प्रस्फुटनका लागि नगर क्षेत्रभित्रका सबै विद्यालयमा हप्ताको १ दिन अतिरिक्त शैक्षिक कृयाकलाप संचालन गर्नु पर्ने नीति अवलम्बन गरिनेछ,
- सामुदायीक विद्यालयका शिक्षकहरुलाई मासिक तलब भुक्तान गर्न सोधभर्ना कोष खडा गरिनेछ,
- सामुदायिक विद्यालयहरुमा अंग्रजी माध्यमबाट समेत हुने पठन पाठनलाई निरन्तरता दिईनेछ,

२.२ महिला, बालबालिका, अपांग तथा ज्येष्ठ नागरिक तर्फः

- "मिथिलाको शान, शिक्षित महिला हाम्रो अभियान" कार्यक्रम मार्फत महिलाहरुलाई उच्च शिक्षामा आकर्षण गर्न विशेष कार्यक्रम संचालन गरिने छ,
- लैगिक हिंसालाई निरुत्साहित गर्ने कार्यक्रम संचालन गरिने छ,
- लैगिक बजेट परिक्षण गर्ने नीति लिइने छ,
- विद्यालयका अध्ययनरत किशोरीहरुलाई महिनावारी सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ, साथै आत्मरक्षा सम्बन्धि तालिमको व्यवस्था गरिनेछ,
- महिलाहरुको नेतृत्व तथा संस्थागत क्षमता विकास तालिम र आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिने छ साथै कार्यस्थलमा हुने यौन दुर्व्यवहार विरुद्धको अभियुखिकरण कार्यक्रम संचालन गरिने छ,

- हिंसा पिडित महिला तथा किशोरीहरुलाई लक्षित गरि मनोपरामर्श तालिमलाई प्रोत्साहन गरिनेछ,
- क्रमागत रुपमा बाल मैत्री स्थानीय सरकार बनाउने नीति लिंदै बाल अधिकार समिति गठन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ,
- अपाङ्गता भएका व्यक्तिहरुको (ग र घ वर्ग समेत) पहिचान गर्दै सामाजिक सुरक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइने छ साथै सहायक सामाग्रि प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ,
- लैंगिक हिंसा निवारण कोषलाई निरन्तरता दिइने छ,
- नगर बाल कोष संचालन गर्न आवश्यक प्रवन्ध मिलाईनेछ,
- यौनिक तथा लैंगिक अल्पसंख्यक लक्षित कार्यक्रम संचालन गरिनेछ ।

२.३ स्वास्थ्य तर्फः

- संविधान प्रदत्त नागरिकको आधारभूत स्वास्थ्य सेवा सम्वन्धि मौलिक हकलाई सुदृढिकरण गर्न Family Health Profile तयार गर्दै ढल्केवर स्वास्थ्य चौकीमा २४ घण्टे आकश्मिक स्वास्थ्य सेवा संचालन गरिने छ,
- १५ शैय्याको अस्पतालको पूर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राखि अस्पताल संचालनको व्यवस्था मिलाईनेछ तथा ढल्केवरमा ट्रमा सेन्टर स्थापना हुने कार्यका लागि संघिय सरकारसँग आवश्यक समन्वय गरिने छ,
- कुपोषीत वाल वालिकाहरुको उपचारका लागि OTC centre स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ,
- Hello Sister कार्यक्रम मार्फत गर्भवती महिलाको नियमित जाँच तथा खोप कार्यक्रमलाई निरन्तरता दिइने छ,
- आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य र पोषण सेवाको प्रभावकारी संचालन र प्रवर्द्धन गरिनेछ,
- पूर्ण खोप घोषणा भई सकेको यस नगरपालिकालाई प्रत्येक वर्ष पूर्ण खोपको दिगोपनालाई निरन्तरता दिईनेछ,
- गाँऊ घर क्लिनिक तथा खोप क्लिनिकको प्रभावकारी संचालन मार्फत ५ वर्ष मुनिका बच्चा, गर्भवती महिला, अपांगता भएका तथा ६० वर्ष भन्दा जेठ नागरिकहरुको स्वास्थ्य जाँच शिविर संचालनलाई समेत प्राथमिकता दिइने छ,
- मानशिक स्वास्थ्य परामर्श कार्यक्रम संचालन गरिने छ,
- महिलाको पाठेघर सम्वन्धि रोगको स्क्रिनिङ कार्यक्रमलाई अझ विस्तारित गरि उपचारको आवश्यक व्यवस्था मिलाईनेछ,
- स्वास्थ्य सेवा सम्वन्धि भौतिक पूर्वाधारहरुको विकास तथा व्यवस्थापन गरिनेछ,
- औषधि पसलहरुको संचालन, अनुमति अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाईनेछ, ढल्केवर स्वास्थ्य चौकीमा नगर स्तरीय फार्मेशि संचालन गरिनेछ,
- महिला स्वास्थ्य स्वयंसेविका तथा आमा समूह मार्फत संचालन हुदै आएको स्वास्थ्य सेवा सम्वन्धि जनचेतनामूलक कार्यलाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ,

३ पूर्वाधार विकास नीतिः

- नगरपालिकाको प्रशासकीय कार्यलाई व्यवस्थित गर्न प्रशासकीय भवन निर्माण कार्यको थालनी गरिने छ,
- नगरपालिकाका वडाहरुको कार्यालय भवन क्रमागत रुपमा निर्माण गरिने छ,
- सबै नागरिकहरुको सुरक्षित वसोबासको उचित प्रबन्ध गर्न सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरिने छ,
- "उज्यालो नगर" कार्यक्रम संचालन गरि मुख्य चोक बस्ति तथा राजमार्ग छेउछाउमा टावर लाईट निर्माण गरिनेछ, नगर विद्युतीकरण कार्यलाई बैज्ञानिक तथा व्यवस्थित बनाईनेछ,
- व्यवस्थित र सुन्दर नगर निर्माण गर्न ढल निकास योजना, सम्पुर्ण सडकको स्तरोन्नति, मठ मन्दिरहरुको संरक्षण तथा मर्मत जस्ता कार्यलाई क्रमागत रुपमा अगाडि बढाईनेछ,
- राजमार्ग वरिपरि, बजार क्षेत्र, पर्यटकको आवागमन हुने स्थान तथा सेवाग्राहीको अत्याधिक चाँप हुने ठाँउमा सुविधासम्पन्न सौचालय र विश्रामस्थलको क्रमशः व्यवस्थापन गरिनेछ,

- पूर्वाधार योजनाका विस्तृत क्षेत्रहरुको वर्गिकरण गर्न र दिगो व्यवस्थापन गर्न योजना बैंकको व्यवस्था गरिनेछ,
- आर्थिक वर्षको पहिलो त्रैमासिकमा नै पूर्वाधार योजनाहरुको लागत अनुमान तयार गर्ने कार्य सम्पन्न गरिनेछ,
- नगर यातायात गुरु योजना निर्माण गरि प्रत्येक सडकको नामाकरण गरिनेछ, साथै निर्माण सम्पन्न भएका सार्वजनिक बाटोहरुलाई नक्सामा कायम गर्न पहल गरिनेछ,
- नगर क्षेत्र भित्र पर्ने राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सडकको अधिकार क्षेत्र (Right of way) भित्र अनधिकृत रुपमा रहेका स्थायी वा अस्थायी संरचनाहरु हटाउने नीति अवलम्बन गरिनेछ,

४ वन वातावरण तथा विपद व्यवस्थापना नीतिः

- स्थानीय वन नीति निर्माण गरि वन क्षेत्रलाई व्यवस्थित गरिने छ,
- वातावरण संरक्षण तथा भू-क्षय नियन्त्रण गर्ने कार्यक्रम संचालन गरिने छ,
- पानीको मुल संरक्षण तथा श्रोत व्यवस्थापन, स्थानीय ग्रामिण तथा कृषि सडक र सिंचाईको दिगो व्यवस्थापन सम्बन्धि नीति अंगिकार गरिने छ,
- संघ र प्रदेशका सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सांस्कृतिक सम्पदा, नदी, जंगल, बगैँचा, ताल/पोखरी तथा पदमार्गहरुको सरसफाई कार्यक्रमलाई अभियानकै रुपमा संचालन गरिनेछ,
- विभिन्न सरोकारवालाहरुको सहकार्यमा जलवायु अनुकुलनता तथा उत्थानशिलता कार्यक्रम लागु गरिनेछ,
- नगरपालिका कार्यालय र मातहतका निकायहरुको डिप क्लिनिङ (सार्वजनिक सम्पत्तिको पूर्ण सरसफाई) कार्यक्रम संचालन गरिनेछ,
- फोहोरमैलाको दिगो व्यवस्थापन गरिने छ साथै कुहिने र नकुहिने फोहोरको स्रोतमै छुट्याउने नीति लिइने छ,
- सहरि सौन्दर्यकरणलाई प्रोत्साहन दिन सडक पेटिमा वृक्षारोपण गर्ने र सडक सरसफाईलाई प्राथमिकता दिइने छ,
- विपद पूर्व तयारी, प्रतिकार्य तथा उद्धार र पुर्नस्थापनाको सर्वांगिण पक्षको व्यवस्थापन गर्ने नीति अंगिकार गरिने छ,
- समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको संचालन गरिनेछ,
- स्थानीय आपतकालिन कार्य संचालन केन्द्रको स्थापना तथा संचालन गर्न विभिन्न सरोकारवालाहरुसँग आवश्यक समन्वय गरिनेछ,
- नदि तथा नदिजन्य पदार्थको वातावरणमैत्री व्यवस्थापन गर्न river harvesting कार्यक्रम संचालन गरिने छ,
- विपद् व्यवस्थापन सम्बन्धी आवश्यक ऐन, नियम तथा मापदण्ड यसै आर्थिक वर्ष भित्र निर्माण गरि कार्यान्वयन गरिनेछ,
- विपद् व्यवस्थापन कोषको संचालन र परिचालनलाई निरन्तरता दिईनेछ,
- पूर्वाधार निर्माणको योजना तर्जुमा गर्दा विपद संवेदनशीलतालाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरिने छ । साथै सार्वजनिक भवन तथा संरचनाहरु निर्माणको स्वीकृति प्रदान गर्दा मजदुरहरुको स्वास्थ्य तथा सुरक्षा संवेदनशिलतालाई ध्यान दिईनेछ ।

५ सुशासन तथा संस्थागत विकास नीतिः

- साविकमा रहेको संगठन संरचनालाई विद्यमान कार्यबोझ, कार्य प्रकृती तथा आवश्यकता र औचित्य समेतको आधारमा पुनरावलोकन गरि यसै आ.व.मा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरि संगठन संरचना तथा दरबन्दी निर्धारण गरिनेछ,
- कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकासको नीति अवलम्बन गरिने छ,
- सेवा प्रवाहलाई व्यवस्थित गर्न बार्षिक खरिद योजना बनाईने छ,
- कार्यालयबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक बडापत्र समयानुकुल अद्यावधिक गरी लागु गरिनेछ,
- नगरको विकासलाई योजनाबद्ध र व्यवस्थित बनाउन आवधिक योजना र मध्यकालीन खर्च संरचनाको निर्माण गरि कार्यान्वयन गरिनेछ,
- सार्वजनिक सेवा प्रवाहमा नगरबासीको पहुँचलाई अभिवृद्धि गर्न विभिन्न विषयगत शाखाहरुको सहभागितामा संयुक्त घुम्ती शिविर संचालन गरिनेछ,

महेन्द्र महतो
नगर प्रमुख

- पूर्वाधार निर्माणको योजना उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने र खराब आचरण गर्ने देखिएकालाई दण्डित गर्ने नीति अवलम्बन गरि गुणस्तरीय विकास निर्माणमा जोड दिईनेछ,
- विभिन्न गैह्र सरकारी संस्था, सहकारी, निजि क्षेत्र समेतको सहकार्यमा सेवा प्रवाह र विकास प्रशासनलाई सुदृढीकरण गर्ने कार्य गरिनेछ, स्थानीय सरकार सबलीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ,
- आधारभुत मेलमिलाप तालिम संचालन गर्दै मेलमिलाप सहजकर्ताहरुलाई पुर्नताजगी तालिम दिइने छ,
- पालिकामा एक न्यायिक इजलास स्थापना गर्दै वडास्तरमा स्थापना भएका सामुदायिक मेलमिलाप केन्द्रहरुको सुदृढिकरण गरिनेछ,
- नगरपालिका तथा मातहतका कार्यालयहरुबाट चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ,
- लक्षित वर्गहरुलाई कानुनी सचेतना अभिवृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिने छ,
- न्यायिक समिति सदस्यलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्दै न्यायिक समितिको कामकाजलाई डिजिटाइजेशन गर्ने प्रकृयालाई अझ बढि प्रभावकारी कार्यान्वयन गरिनेछ,
- नगरपालिकाबाट संचालन हुने वितरणमुखि कार्यक्रमहरु सम्बन्धित विषयगत समितिको समन्वयमा संचालन गरिनेछ,
- नगरको सर्वाङिण विकास तथा समृद्धिको लागि विज्ञ समुह गठन गरि विशेषज्ञको राय सल्लाह तथा सुझावहरुलाई नगरको सम्पत्तीको रुपमा प्रयोग गरिने छ ।
- अन्तर नगर सम्बन्धको विकास गर्दै देश भित्रैका र अन्य देशका नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ,

६. <u>भू-उपयोग तथा भूमी व्यवस्थापन तर्फः</u>

- भूमीको बर्गिकरण गरि भू-उपयोग नीति तयार गरिनेछ,
- अव्यवस्थित बसोबासी र सुकुम्बासी व्यवस्थापनको सम्बन्धमा आवश्यक पहल गरिनेछ, भूमी आयोग मार्फत यस अघि लगत संकलन गरिएका लाभग्राहीहरुको जग्गा नापनक्सा कार्य यथाशिघ्र संचालन गरिनेछ,

७. <u>राजश्व नीतीः</u>

- ढुंगा, गिट्टी, वालुवा, माटो जस्ता नदिजन्य वस्तुको सर्भेक्षण गरि सोको उत्खनन्, संकलन तथा निकासी कार्यलाई व्यवस्थित गरि दिगो र पर्यावरणमैत्री व्यवस्थापन मार्फत आन्तरिक आयलाई सुदृढिकरण गरिनेछ,
- स्थानीय राजश्व संकलनको दायरालाई फराकिलो र दिगो बनाउने नीति अवलम्बन् गरिनेछ,
- सबै व्यवसायीलाई करको दयरामा समावेश गर्न व्यवसाय दर्ता शिविर संचालन गरि व्यवसाय दर्ता, अनुमती, नवीकरण र सिफारिश जस्ता कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ,
- स्थानीय राजश्व सुधार कार्य योजना निर्माण गरि कार्यान्वयन गरिनेछ,
- राजश्व प्रशासनलाई थप प्रविधिमैत्री बनाउन नगरकार्यपालिका कार्यालय र मातहतका सबै कार्यालयमा रहेका कर संकलन केन्द्रहरुमा Sutra को Revenue module को प्रयोग मार्फत डिजिटाईजेशन गरिने छ,

निर्णय नं. २ क), कार्यसूची नं. २) उपर छलफल गर्दा, मिथिला नगपालिकाको नगर सभाको १२ औं अधिवेशनको पहिलो बैठकमा यस न.पा.को नगर उप-प्रमुख अनुपस्थित हुनु भएकोले नगरसभामा पेश गरि छलफल पश्चात पारित गर्नु पर्ने चालु आ.व.को राजश्व र व्यय (बजेट) अनुमान र आर्थिक विधेयक, २०८० समेत पेश हुन कठिनाई हुन गएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ र सोहि ऐनको दफा ६७ मा व्यवस्था भए बमोजिमको स्थानीय राजश्व परामर्श समित तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिले सम्पादन गर्नु पर्ने कार्य गर्नका लागि यस नगरसभाका जेष्ठ सदस्य श्री हरि कुमार यादवज्यूको संयोजकत्वमा तपसिल अनुसारको समिति गठन गरि सो समिति मार्फत चालु आ.व. (२०८०/०८१) को राजश्व र व्यय (बजेट) अनुमान र आर्थिक विधेयक, २०८० नगर सभामा छलफलका लागि पेश गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | - श्री हरि कुमार यादव (नगर सभा सदस्य) |
| सदस्य | - श्री चन्द्र बहादुर बुलन (नगर सभा सदस्य) |
| सदस्य | - श्री रामचन्द्र महतो (नगर सभा सदस्य) |
| सदस्य | - श्री भोला महतो कोइरी (नगर सभा सदस्य) |
| सदस्य सचिव | - श्री गणेश प्रसाद भण्डारी (लेखा अधिकृत) |

निर्णय नं २ ख), निर्णय नं. २ क) बमोजिम गठित समितिले बजेट तथा कार्यक्रम तर्जुमाको मस्यौदा र आर्थिक विधेयक, २०८० को मस्यौदा तयार गरि समितिका संयोजकले मिति २०८० श्रावण १७ गते बिहान १०.०० बजे भित्र सभा अध्यक्षको अनुमति लिई नगर सभामा पेश गर्नु पर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २ ग), चालु नगर सभाको दोश्रो बैठक मिति २०८० श्रावण १७ गते बिहान १०.०० बजे मिथिला नगरपालिका ५ स्थित होटल रोयल सम्राटमा संचालन हुने निर्णय पारित गरियो ।